स्थानीय सरकार
# बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ९८५५०३०५६१
☎ ९८५५०७२०७२

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झुरझुरे, मकवानपुर बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या :२०८१/०८२
चलानी नं. : १८५

मिति : २०८१/०५/२१

विषय : बालबालिका छनोट एवम् सिफारिस सम्बन्धमा।

श्री सामुदायिक विद्यालयहरु (सबै),
बागमती गाउँपालिका, मकवानपुर।

प्रस्तुत विषयमा इस्थर बेन्जामिन स्मृति संस्थाद्वारा यस पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत तपसिल अनुसारका मापदण्डका १०० (एक सय) जना बालबालिकाहरुलाई अध्ययनका लागि आवश्यक पर्ने आधारभूत सामग्रीहरु सहयोग गर्न इच्छुक रहेको यस कार्यालयलाई जानकारी प्राप्त भएको हुँदा देहाय बमोजिमका मापदण्डलाई आधारमानी सहयोग गर्नु पर्ने (अन्य कुनै पनि सहयोगी संस्थाहरुबाट सहयोग प्राप्त नगरेका बालबालिकाहरु मात्र) लक्षित वर्गका बालबालिकाहरुको विवरण छनोट गरी मिति २०८१ भदौ २३ गते अपरान्ह १:०० बजेभित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा नामावली सिफारिस गर्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ।

**तपसिल**

**बालबालिका छनोट एवम् सिफारिसका आधारहरु :**

१. मानव बेचबिखनको दृष्टिकोणबाट उच्च जोखिम क्षेत्रमा रहेका बालबालिकाहरु,
२. आमाबाबु बिहिन,टुहुरो बालबालिकाहरु,
३. अपाङ्गता भएका बालबालिकाहरु,
४. विपन्न तथा जेहेन्दार बालबालिकाहरु,
५. दलित तथा पिछडिएका क्षेत्रका बालबालिकाहरु,
६. जनयुद्ध पीडित परिवारका बालबालिकाहरु,
७. सिफारिस गर्ने बालबालिका बालविकास कक्षा (ECD) देखि ९ कक्षासम्म अध्ययनरत हुनुपर्ने,

झक्कनारायण घलान
प्रमुख प्रशासकीय अधिकृत